प्रतिदिन
१६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ८४ ॥ २०८१ वैशाख २० गते बिहिबार (2nd Apr 2024 Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-

अत्यधिक गर्मीका कारण जनजीवन अस्तव्यस्त

झापा(प्रस) । वैशाख लागेपछि उकालो लागेको पूर्वी तराईको तापक्रम दोस्रो सातामा आउँदा निरन्तर बढ्दै गएको छ । जसबाट जनजीवन प्रभावित बनेको छ । गर्मीका कारण घरबाहिर निस्कनै कठिन भएको छ । पछिल्लो दुई सातायता बढेको अत्यधिक गर्मीका कारण जनजीवन अस्तव्यस्त बनेको हो ।

औसत तापक्रम ३५-४० डिग्री सेल्सियसको हाराहारीमा पुग्दा सर्वसाधारणलाई सास्ती भएको छ। चर्को गर्मी र तातो हावा 'लू' चल्दा बाहिर काम गरेर जीविका चलाउनेहरूको दैनिकी निकै कष्टकर बन्दै गएको छ ।अहिले तराईका जिल्लामा उखरमाउलो गर्मीको कारण बालबालिकादेखि वृद्ध वृद्धासम्म प्रभावित छन् ।

गर्मी बढ्दै गएपछि बजार समेत सुनसान बनेको छ ।वैशाखको पहिलो सातादेखि तापक्रम बढेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।जलवायु परिवर्तनको प्रभावका कारण गर्मी अत्यधिक बढेको हो । निजी अस्पताल, क्लिनिक लगायत ग्रामीण भेगमा स्वास्थ्य सस्थाहरुमा बिरामीहरुको संख्यामा वृद्धि भएको छ ।यति बेला गर्मीका कारण हुने स्वास्थ्य समस्या लिएर आउने बिरामीको भने संख्या ह्वात्तै बढेको चिकित्सकहरुले बताएका छन् ।

उखरमाउलो गर्मी र तातो हावा चल्दा थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, बेहोस हुने, वान्ता हुने लगायतका असर देखिने गर्छ । तातो हावाबाट बच्नका लागि गर्मीको समयमा सकेसम्म घरमै बस्न स्वास्थ्यकर्मीले सुझाव दिएका छन् ।गर्मीबाट जोगिन पानी तथा झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउन, छाता र पानी लिएरमात्र घरबाहिर निस्किन उनीहरुले सुझाव दिएका छन् ।

नेपालगन्जमा अत्यधिक गर्मी हुँदा सबैभन्दा ठूलो मारमा श्रमिक तथा मजदुरहरु परेका छन्। नेपालगन्जमा आठ/दश दिनदेखि 'लु' सुरु भएको छ। दिउँसोमा हिँडडुल गर्न नसक्ने गरी तातो हावा 'लु' लागेपछि उनीहरु काममा निस्किन समस्या छ। निस्केका कतिपयहरु बिरामी भएर थलिएका छन्।

अत्यधिक गर्मी हुँदा ज्यालादारी काम गर्न समस्या भएको रामलखन चौधरीले बताए। 'दिउँसो गर्मीले काम गर्न निक्कै समस्या छ,' उनी भन्छन्, 'के गर्ने बाध्यताले काम नगरि हुँदैन।' बिरामी भएपछि मात्र काम रोकिने भन्दै उनले भने, 'जति गर्मी भए पनि काममा त जानै पर्‍यो। काम नहुँदा त परिवार चलाउनै गाह्रो हुन्छ।'

नेपालगन्जको तापक्रम ४० डिग्री सेल्सियससम्म पुगेको छ। अत्यधिक गर्मी हुँदा अस्पतालमा बिरामीहरुको संख्या पनि बढ्दै गएको छ। सामान्यमा झाडापखालासमेत देखिएको छ। दैनिक आठ/१० जना झाडापखालाका बिरामी भेरी अस्पतालमा आउने गरेको भेरी अस्पताल नेपालगन्जका सूचना अधिकारी संकेतकुमार रिसालले जनाए।

गर्मी बढ्दै जाँदा त्यहाँको जनजीवन प्रभावित भएको छ। गर्मीकै कारण नेपालगन्जलगायत कोहलपुरलगायतका सहरी क्षेत्रमा सर्वसाधारणको चहलपहलसमेत घटेको छ।

यसैबीच अत्यधिक गर्मी र तातो हावा चल्न थालेपछि बुटवल उपमहानगरपालिकाले दुई दिन विद्यालय बन्द गर्ने निर्णय गरेको छ। वार्षिक बिदाबाट कट्टी हुनेगरी बिहीबार र शुक्रबार विद्यालय बन्द गर्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले जानकारी दिए।

गर्मी र तातो हावाले विद्यार्थीहरूको स्वास्थ्यमा गम्भीर असर पर्ने सम्भावनालाई मध्यनजर गरेर बिदा दिने निर्णय भएको

❖ बाँकी अन्तिम पृष्ठमा

तीन दिनमै एकचौथाईले खाए हात्तीपाइलेको औषधि

झापा(प्रस) । ६ वर्षमा सकिनु पर्ने हात्तीपाइलेको औषधि खुवाउने अभियान १२ वर्षसम्म नसकिएपछि यस वर्ष अन्तिम बनाउनेगरी झापाका पालिकाहरु कम्मर कसेर लागेका छन् ।

बैशाख १६ गतेदेखि शुरु भएको हात्तीपाइले रोगविरुद्धको आम औषधि खुवाउने कार्यक्रमअन्तर्गत तेस्रो दिनसम्म जिल्लाका एकचौथाई नागरिकले औषधि खाइसकेका छन् । जिल्लाको कुल जनसंख्या

१० लाख १२ हजार ६४२ मध्ये तेस्रो दिनसम्म २ लाख ६० हजार ३५१ जनाले हात्तीपाइलेको औषधि खाएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । जुन २५.७१ प्रतिशत हो ।

जिल्लाका १५ वटा पालिकामध्ये बिर्तामोडले सबैभन्दा धेरै प्रगति गर्दै पहिलो स्थान ओगटेको छ । बिर्तामोडको कुल जनसंख्या १ लाख २० हजार ३३८ मध्ये तेस्रो दिनसम्म ४९ हजार ७७८ अर्थात ४१.३६ प्रतिशतले औषधि खाएका छन् । त्यस्तै दोस्रो स्थानमा कन्काई नगरपालिका रहेको छ । कन्काईले कुल जनसंख्या ५४ हजार २१४ मध्ये तेस्रो दिनसम्म १८ हजार ८६४ अर्थात ३४.७९ प्रतिशतलाई औषधि सेवन गराएको छ । तेस्रो स्थानमा रहेको कचनकवलले कुल जनसंख्या ४० हजार ८५० मध्ये २० हजार ७३ जना अर्थात २९.५५ प्रतिशतलाई औषधि खुवाएर तेस्रो स्थान हासिल गरेको छ ।

त्यस्तै मेचीनगरले ३२ हजार ११८ अर्थात २३.७७ प्रतिशत ,बुद्धशान्तिले १२ हजार ९३४ अर्थात २३.८४ प्रतिशत ,अर्जुनधाराले १३ हजार ४ अर्थात १४.९७ प्रतिशत , शिवसताक्षीले १७ हजार ३४६ अर्थात २२.८० प्रतिशत ,कमलले ११ हजार २३३ अर्थात २०.५३ प्रतिशत , दमकले २९ हजार ६१२ अर्थात २६.४३ प्रतिशतलाई हात्तीपाइलेको औषधि खुवाएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । त्यस्तै गौरादहले ८ हजार ६८३ अर्थात १४.०७ प्रतिशत , गौरीगञ्जले ८ हजार ५२३ अर्थात २४.१३ प्रतिशत , झापा गाउँपालिकाले १० हजार ७२८ अर्थात २७.१९ प्रतिशत , बाह्रदशीले १० हजार ५२५ अर्थात २७.७८ प्रतिशत , हल्दिवारीले ९ हजार १७३ अर्थात २७.९५ प्रतिशत र भद्रपुरले १५ हजार ७५७ अर्थात २२.१४ प्रतिशतलाई हात्तीपाइलेको औषधि सेवन गराएका छन् ।

गत वर्ष झापाको बुद्धशान्तिले सबैभन्दा धेरै ९२ प्रतिशत, गौरीगञ्जले ९१ प्रतिशत , हल्दिवारीले ८९ प्रतिशत , कमलले ८५ प्रतिशत ,बाह्रदशी र गौरादहले ८३-८३ प्रतिशत , बिर्तामोडले ८२ प्रतिशत , मेचीनगरले ८१ प्रतिशत , झापा र कचनकवलले ८०-८० प्रतिशत , शिवसताक्षीले ७१ प्रतिशत , भद्रपुरले ५३ प्रतिशत , अर्जुनधाराले ५० प्रतिशत र कन्काईले ४६ प्रतिशतलाई हात्तीपाइलेको औषधि खुवाएका थिए । यस वर्ष झापासहित सात जिल्लामा बैशाख १६ देखि बैशाख ३० गतेसम्म आम औषधि खुवाउने कार्यक्रम जारी रहेको छ । झापामा विगत १३ वर्षदेखि हात्तीपाइलेको औषधि खुवाउने अभियान जारी छ । डर त्रासका कारण अधिकांशले औषधि सेवन नगर्दा जिल्लामा अभियान सफल नभएको हो ।

यस पटक अन्तिम अभियान बनाउन पालिकाका जनप्रतिनिधिसहित सरोकारवाला पक्ष सबै लागिपरेको स्वास्थ्य कार्यालय झापाले जनाएको छ। गर्भवती महिला, सिकिस्त बिरामी र दुई वर्ष मुनिका बालबालिकाबाहेक जिल्लामा साढे ९ लाख जनालाई औषधि खुवाउने लक्ष्य राखिएको छ । जिल्लामा अघिल्लो वर्ष ७७.६५ ले मात्र औषधि खाएका थिए । यस पटक अभियानलाई सफल बनाउन भद्रपुर, कनकाईसहित केही पालिकाहरूले हात्तीपाइले कार्ड नै जारी गरेका छन्। औषधि खाएका व्यक्तिले कार्ड लिनुपर्ने हुन्छ । कार्ड लिएर पालिकामा गए मात्र सेवा सुविधा पाउने निर्णय गरिएको छ ।

शुभसाइत साकोसका उपाध्यक्ष गिरी कारागार चलान

- **दिपक अधिकारी**

भद्रपुर । सयौं बचतकर्ताको करोडौं रकम हिनामिना गरेको भद्रपुरको शुभसाइत बचत तथा ऋण सहकारी संस्था लि.का उपाध्यक्ष तथा व्यवस्थापक सन्जोग भन्ने सन्जोक गिरीलाई झापा कारागार चलान गरिएको छ ।

बैशाख १२ गते जिल्ला न्यायाधीश रामप्रसाद पौडेलको एकल इजलासले सहकारी ठगी मुद्दामा मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ६७ (१) बमोजिम मुद्दाको पुर्पक्ष गर्न थुनामा राख्ने आदेश भएसँगै उपाध्यक्ष गिरीलाई कारागार चलान गरिएको हो ।आदेशमा भनिएको छ -'प्रतिवादीहरूले अभियोग दाबी अनुसारको रकम आफूले हिनामिना गरेको कसुरमा आफू इन्कार रही बचतकर्ताहरूको बचत रकम हिनामिना र बचतकर्ताहरूको रकम फिर्ता गरिदिनु पर्ने कुरा स्वीकार गरी मौका तथा अदालतमा गरेको बयान, प्रतिवादीहरू उपरको किटानी जाहेरी दरखास्त, मौकामा बुझिएका कुमारी तामाङ, सीता भट्टराई, प्रभात खड्का, श्रीप्रसाद निरौलासमेतले गरेको कागज, संस्थागत जिम्मेवारी निर्वाह गर्नुपर्ने भूमिका हेर्दा यी प्रतिवादीमध्येका सन्जोग भन्ने सन्जोक

शुभसाईत बचत तथा ऋण सहकारी संस्था लि.
SHUBHASHAIET SAVING & CREDIT CO-OPERATIVE LTD.
नवौ बार्षिक साधारण सभा
२०७९।१०।२३

गिरी शुभसाइत बचत तथा ऋण सहकारी संस्थाको व्यवस्थापक तथा उपाध्यक्ष रहेको अवस्थासमेतबाट यी प्रतिवादी सन्जोक गिरी तत्काल प्राप्त प्रमाणबाट उल्लेखित कसुरमा दोषी होइनन् भन्ने नदेखिँदा पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने नै हुँदा हाललाई प्रतिवादी सन्जोग भन्ने सन्जोक गिरीलाई मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम मुद्दाको पुर्पक्ष गर्न थुनामा राख्नू ।'

त्यसैगरी सहकारीका निवर्तमान अध्यक्ष तथा वर्तमान सञ्चालक समिति सदस्य दिपक खवासलाई १ लाख एवम् सचिव कञ्चन आचार्य र कोषाध्यक्ष ज्योति वर्मनलाई जनही ५०/५० हजार धरौटी जमानतमा तारेखमा छाडिएको छ। आदेशमा भनिएको छ-'प्रतिवादीमध्ये दिपक खवास, कञ्चन आचार्य र ज्योति बर्मनलाई हाल निर्दोष रहेछन् भनी मान्न सकिने अवस्था नहुँदा र थुनामा नै राख्नु पर्ने अवस्थासमेत नभई संस्थामा रहेको भूमिका समेतलाई हेर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७२ को आधारमा सोही संहिताको दफा ६८ (१) बमोजिम प्रतिवादी दिपक खवासबाट १,००,०००।- (एक लाख रुपैयाँ) प्रतिवादीहरू कञ्चन आचार्य र ज्योति बर्मनबाट जनही रु.५०,०००।-(पचास हजार रुपैंया) नगद वा सो बराबरको जेथा जमानत वा बैंक जमानत दिए लिई सोही संहिताको दफा ७४ बमोजिम कागज गराई तारेखमा राख्नू । प्रतिवादीहरूले उक्त धरौटी रकम नदिए सोही संहिताको दफा ६८ (२) बमोजिम थुनामा राख्न स्थानीय कारागार कार्यालय भद्रपुर झापामा पठाईदिनू भनी सोही संहिताको दफा ७९ नं. बमोजिम यो आदेश पर्चा गरिएको छ ।'

नेपाल सरकारको तर्फबाट जिल्ला सरकारी वकील कार्यालयका सहायक जिल्ला न्यायाधिवक्ता लवराज घिमिरेले २०८१ बैशाख ९ गते भद्रपुर ८ का ३३ वर्षीय सञ्जोक गिरी, भद्रपुर ७ का ३२ वर्षीय दिपक खवास, हल्दीबारी ३ की ३५ वर्षीय कञ्चन आचार्य, हल्दीबारी ३ की २७ वर्षीय ज्योति बर्मन, भद्रपुर ६ का ४८ वर्षीय राजु भन्ने मदन श्रेष्ठ, हल्दीबारी ३ का मन्दिप भन्ने हेमसागर बनलाई प्रतिवादी बनाई सहकारी रकम हिनामिना गरी ठगी गरेको मुद्दा दर्ता गरेका थिए । न्यायाधिवक्ता घिमिरेले वादी नेपाल सरकारको

❖ बाँकी तेस्रो पृष्ठमा

देशभरका ओलम्पियन्स कोशी प्रदेशमा

मोरङ(प्रस) । ओलम्पियन्स रियुनियन (पुनर्मिलन) तथा सेलिब्रेटी खेलाडी भेटमा सहभागी हुन ओलम्पिक खेलाडीहरू मोरङको विराटचोक आइपुगेका छन् ।

कोशी प्रदेशका विभिन्न सहरमा हुने चार दिने ओलम्पियन्स पुनर्मिलन कार्यक्रममा सहभागी जनाउन अस्ट्रिया, मलेसियाका साथै नेपालका खेलाडीहरु ओलम्पिक खेलाडी कार्यक्रमस्थल आइपुगेका हुन् ।

विराटनगर विमानस्थलमा बुधबार दिउँसो कोशी प्रदेश खेलकुद विकास बोर्डकी उपाध्यक्ष बिन्दिया कार्कीले आठजना ओलम्पिक खेलाडीलाई स्वागत-सम्मान गरिन् । उनीहरूलाई स्वागत गर्दै उपाध्यक्ष कार्कीले ओलम्पिकजस्तो खेलकुदको महाकुम्भमा सहभागिता जनाएका खेलाडीलाई कोशी प्रदेशमा स्वागत गर्न पाउँदा खुसी लागेको सुनाइन् ।

बोर्डका सदस्य सचिव हंशराज वाग्लेलगायत सदस्यहरुले उनीहरुलाई विराटचोकस्थित नेपालीरिका होटलमा स्वागत-सम्मान गरे । बिहीबार बिहान सुनसरीको इटहरीस्थित रंगशालामा हुने वाकाथन (पैदल यात्रा) मा उनीहरुलाई सहभागी गराइनेछ ।

शुक्रबार भने खेलकुदबाटै पर्यटनमा टेवा पुर्‍याउने उद्देश्यले आयोजना हुने इलाम भ्रमणमा खेलाडी सहभागी हुने सदस्य सचिव वाग्लेले जानकारी दिए ।

त्यस्तै, नेपाल ओलम्पियन्स एसोसिएसनकी सचिव देबु थापाले विभिन्न प्रतियोगितामा आफ्नो प्रतिभा प्रस्तुत गरिसकेका खेलाडीलाई फेरि एकैस्थानमा उभ्याउन प्रयास

❖ बाँकी अन्तिम पृष्ठमा

दुर्घटनामा भ्यान चालकको मृत्यु

झापा(प्रस) ।इलामको रोङ गाउँपालिकामा भएको मारुती भ्यान दुर्घटनामा मृत्यु हुने व्यक्ति भ्यान चालक भएको पुष्टि भएको छ ।

घटनास्थलमा मृत अवस्थामा फेला परेका व्यक्ति भ्यान चालक इलाम देउमाई नगरपालिका ६ बस्ने वर्ष अन्दाजी वर्ष २४-२५ का दिपेश राई रहेको जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी डीएसपी प्रकाश जवेगूले बताए । त्यस्तै दुर्घटनामा एकजना गंभीर घाइते भएका छन् । घटनास्थलमा खोजतलास गर्दा इलाम नगरपालिका ५

बस्ने वर्ष अन्दाजी २५-२६ का विश्वास राई घाइते अबस्थामा फेला परेका छन् । शरीरको विभिन्न भागमा चोट, तत्काल बोल्न नसक्ने उनलाई घटनास्थलबाट उद्धार गरी उपचारको लागि बीएण्डसी हस्पिटल बिर्तामोडतर्फ पठाइएको छ । दुर्घटनाका बारेमा गाडीधनी इलाम नगरपालिका ५ बिल्ल्याटे बस्ने याम श्रेष्ठमार्फत मृतक र घाइतेका आफन्तहरुलाई जानकारी गराइएको र गाडी घटनास्थलमा नै रहेको डीएसपी जवेगूले बताए । इलामको रोङ गाउँपालिका ४ बाघखोरस्थित मेची राजमार्गमा बुधवार बिहान अन्दाजी ५ बजेको समयमा झापाबाट ईलामतर्फ जाँदै गरेको मे १ ज ३२६३ नं. को मारुती भ्यान आफै अनियन्त्रित भई बाटोबाट अन्दाजी ५०० मिटर दाहिने साईड भिरबाट पल्टिई दुर्घटना हो ।

कर्मचारी आवश्यकता

यस बिर्तामोड- ३ बिर्ताबजार स्थित आर.एन. मेडिसिन सेन्टरमा फुल टाइम सहायक फार्मेसिस्टको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

पदः सहायक फार्मेसिस्ट
योग्यताः डी फर्मा उत्तीर्ण
(लाइसेन्स भएको)
तलबः आपसी समझदारीमा
सम्पर्कः ९८१०४४३१२६

ऋषिकेश
Hair Oil
३५ जडिबुटीयुक्त

- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free no side effects
100% Natural
Price Rs. 1500/-

ऋषिकेश
Ayurvedic Hair Oil
Promote Hair Regrowth
Stimulate Hair from Root
Control Hair Loss
Prevent Dandruff

Saptashree Ayurvedic Pvt. Ltd.
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

आयोजकलाई हराउँदै मानेभन्ज्याङ फाइनलमा

बुद्धशान्ति(प्रस)। अन्तिम १० मिनेट बाँकी रहँदा ९ खेलाडीमा सीमित भारतको मानेभन्ज्याङ एफसी झापाको बुद्धशान्तिमा जारी आदर्श च्यालेन्स कपको फाइनलमा प्रवेश गरेको छ। आयोजक आदर्श युवा क्लबलाई २-० गोल अन्तरले हराउँदै मानेभन्ज्याङ फाइनल प्रवेश गरेको हो। जितसँगै मानेभन्ज्याङले कम्तीमा एक लाख रुपैंयाँ पुरस्कार सुरक्षित गरेको छ।

मानेभन्ज्याङको जितका लागि सुरज रसाइली र सौरभ तामाङले एक-एक गोल गरे। खेलको १६ औ मिनेटमा बिकी सिंहले दिएको पासमा सुरज रसाइलीले गोल गर्दै मानेभन्ज्याङलाई अग्रता दिलाएका थिए। सिंहको प्रहार पेनाल्टी एरियाबाट आदर्शका खेलाडीले क्लियर गर्न नसकेको मौकामा रसाइलीले दोस्रो बार च्याप्दै गोल गरेका थिए।

मानेभन्ज्याङका लागि दोस्रो गोल खेलको ६१ औं मिनेटमा सम्भव भयो। कप्तान करण राईले दिएको पासलाई सौरभ तामाङले गोल गरे। आदर्शका खेलाडीले अफसाइडको अपिल गर्दै छोडेको बललाई रेफ्रीले गोल दिएका थिए।

खेल अवधिभर बल पोजिसन राखेको आदर्शले स्कोर भने गर्न नसक्दा उपस्थित दर्शक निरास बनेका थिए। घरेलु दर्शकको उल्लेख्य समर्थन पाएपनि पाहुना टोलीको अगाडि आदर्श निरिह बनेको थियो। खेलको ५३ औ मिनेटमा आदर्शले पेनाल्टी पाएको थियो। आदर्शका सौरभ सुब्बालाई बिपक्षी खेलाडीले पेनाल्टी एरियामा फल गरेपछि पेनाल्टी पाएको थियो। अनुभवी खेलाडी रोमन भुजेलले प्रहार गरेको पेनाल्टी मानेभन्ज्याङका गोलरक्षक लाक्पा तामाङले उत्कृष्ट बचाउ गरेका थिए। खेलको ६६ औं मिनेटमा आदर्शका कप्तान पुजन थापाले गरेको कडा प्रहार पोष्टमा लागेर बाहिरियो।

खेलको ११ औ मिनेटमा मानेभन्ज्याङका सुरज रसाईलीले दिएको क्रस पासमा करन राईले टच गरेको बल फ्रेममा पर्न सकेन। मानेभन्ज्याङले खेलमा अरु खतरा मुभ बनाउन सकेको थिएन।

मानेभन्ज्याङ अन्तिम १० मिनेट बाँकी रहँदा ९ खेलाडीमा सीमित भएको थियो। खेलको ५६औ मिनेटमा मानेभन्ज्याङका उमंग राई दोहोरो पहैंलो कार्डका कारण रातो कार्ड खाँदै मैदान छोडेका थिए। त्यसैगरी ७० औ मिनेटमा प्रवेश रोय पनि दोहोरो पहैंलो कार्डका कारण मैदान छोडेका थिए। त्यसपछि खेलमा दबाबको सामना गरेको मानेभन्ज्याङले बिपक्षी खेलाडीलाई स्कोर गर्न भने रोकेको थियो।

खेलको प्लेयर अफ द म्याच मानेभन्ज्याङका गोलरक्षक लाक्पा तामाङ घोषित भए। उनलाई प्रमुख अतिथि बुद्धशान्ति दुवानी मजदुर संघका अध्यक्ष भवेस राजबंशीले नगद तीन हजार रुपैंयाँ पुरस्कार दिए। बिहीवारको अन्तिम सेमिफाइनल खेल बिर्तामोड युनाइटेड एफसी र बेलबारी एफसी मोरङबिच हुने छ। अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा बुधवार भएको खेलमा बुद्धशान्तिका चारजना जेष्ठ मजदुरलाई सम्मान गरिएको थियो। जेष्ठ मजदुरहरु मदन राजवंशी, मस्लिम महमद, कालु राजवंशी र सुनिल राजवंशीलाई नगदसहित सम्मान गरिएको आयोजक क्लबका बरिष्ठ उपाध्यक्ष दिपक सुब्बा थेबेले जानकारी दिए।

श्रमिक दिवसमा माओवादी मजदुर संगठनको कार्यक्रम

बिर्तामोड(प्रस)। १३५ औं अन्तर्ष्ट्रिय श्रमिक दिवस मजदुरहरुले बिर्तामोडमा विविध कार्यक्रम गरी मनाएका छन्। अखिल नेपाल ट्रेड युनियन महासंघ झापाको आयोजनामा नेकपा (माओवादी केन्द्र) अन्तर्गतका दर्जनौ मजदुर संघ संगठनका प्रमुख तथा प्रतिनिधिसहित मजदुरहरुको बाक्लो उपस्थितिमा बुधवार विविध कार्यक्रम गरी श्रमिक दिवस मनाइएको हो।

बिर्तामोडस्थित अखिल नेपाल दुवानी मजदुर संघको कार्यालयमा भेला भएका ६ सयबढी मजदुरहरुले बिभिन्न नाराका प्लेकार्डसहित उक्त कार्यालयबाट इलाका प्रहरी कार्यालय, मुक्तिचोक, भगवान चोक हुँदै गौरीशंकर प्रतिष्ठानसम्म ऱ्याली गरेका थिए। मजदुरहरुले '१३५ औं मजदुर दिवस सफल पारौं, श्रम ऐन २०७४ का मजदुर विरोधी दफा खारेज गर, योगदानमा आधारित सामाजिक सुरक्षा लागू गर, संसारका मजदुर एक हौं, श्रम ऐन २०७४ लागू गर, वीर शहीद लाल सलाम, मजदुर एकता जिन्दावाद' लगायतका प्लेकार्डसहित नारा लगाउँदै ऱ्याली गरेका थिए।

प्रतिष्ठानमा कोणसभामा परिणत भएको ऱ्यालीमा मजदुरका बिभिन्न संघ संगठनका नेताहरुले मजदुरको हकअधिकारका लागि एकताबद्ध हुन आग्रह गरेका छन्। अखिल नेपाल यातायात मजदुर संघअन्तर्गत दुवानी शाखा बिर्तामोड पूर्व इलाका समितिका अध्यक्ष नन्दी चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य रन्जित तामाङको प्रमुख आतिथ्य रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि तामाङ, अखिल नेपाल ट्रेड युनियन महासंघका केन्द्रीय उपाध्यक्ष भूपाल सापकोटा, महासंघकी उपमहासचिव सिता सापकोटा (सन्ध्या), महासंघका केन्द्रीय सदस्य उमेश रेग्मी, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य बालकुमार केसी, अखिल नेपाल यातायात मजदुर संघका केन्द्रीय सदस्य हरि निरौला, अखिल नेपाल दुवानी मजदुर संघका झापा अध्यक्ष जानकीप्रसाद भट्टराईलगायतले मजदुरका हक अधिकार स्थापित गर्न जोड दिएका थिए। अखिल नेपाल ट्रेड युनियन महासंघका झापा उपाध्यक्ष अभिनास धितालले स्वागत गरेको कार्यक्रमको सञ्चालन अखिल नेपाल ट्रेड युनियन महासंघका झापा अध्यक्ष जगन्नाथ पौडेलले गरेका थिए।

कार्यक्रममा अखिल नेपाल चिया मजदुर संघ, अखिल नेपाल पेट्रोल मजदुर संघ, अखिल नेपाल दुवानी मजदुर संघ, अखिल नेपाल यातायात मजदुर संघ, अखिल नेपाल पसल मजदुर संघ, अखिल नेपाल सरसफाई मजदुर संघ, अखिल नेपाल रिटर्नी सेन्टर मजदुर संघ, अखिल नेपाल सेक्युरिटी मजदुर संघ, अखिल नेपाल निर्माण मजदुर संघ, अखिल नेपाल पेन्टर मजदुर संघलगायतका संघ संगठनका प्रमुख, पदाधिकारी, सदस्य तथा प्रतिनिधिको उपस्थिति रहेको थियो।

सोही कार्यक्रमकाबिच अखिल नेपाल यातायात मजदुर संघअन्तर्गत दुवानी शाखा बिर्तामोड पूर्व इलाका समितिको निर्वाचित पदाधिकारी, सदस्य तथा सल्लाहकारको घोषणासमेत गरिएको थियो।

केही दिनअघि भएको सम्मेलनबाट चयन भएको समितिको घोषणा प्रमुख अतिथि तामाङले गरेका थिए। सम्मेलनबाट अध्यक्षमा नन्दी चौधरी, उपाध्यक्षमा बिष्णु राजवंशी, सचिवमा इतवार मुर्मू, सह-सचिवमा जानेवाकर धिमाल, कोषाध्यक्षमा बिजय चौधरी तथा सदस्यमा छत्र राजवंशी, कमल राजवंशी र धर्म चौधरी चयन भएका छन्। त्यस्तै सल्लाहकारमा मुकेश धिमाल, रमेश धिमाल र नरेश राजवंशी चयन भएका छन्। सम्मेलनबाट निर्वाचतलाई अखिल नेपाल यातायात मजदुर संघका केन्द्रीय सदस्य पदम तामाङ, अखिल नेपाल ट्रेड युनियन महासंघ झापाका सचिव कैलाश पौडेललगायतले शुभकामना दिएका थिए।

देशभरका...

गरिरहेको बोर्डको काम सराहनीय रहेको बताइन्।

कोशी प्रदेश खेलकुद विकास बोर्डको आयोजना तथा नेपाल ओलम्पियन्स एसोसिएसनको संयोजनमा हुने कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको छ। बिहीवार मोरङको सुन्दरहरैँचा नगरपालिकाबाट सुरु हुने कार्यक्रम इटहरी, बिर्तामोड हुँदै इलामको सूर्योदय नगरपालिकास्थित श्रीअन्तु र कन्याममा पुगेर सम्पन्न हुनेछ। पुनर्मिलन कार्यक्रममा ६० जना नेपाली ओलम्पियन्स खेलाडी र २५ जना प्रदेशभित्रका अनुभव र अभ्यासमा विशेष दखखल राखेका चर्चित खेलाडीलाई सहभागिता गराइनेछ। विदेशी ओलम्पियन्स पनि कार्यक्रममा सहभागी हुने छन्।

बोर्डले खेलकुद पर्यटनलाई उजागर गर्नेगरी पहिलोपटक एकैठाउँ धेरै खेलाडीलाई प्रदेशमा ल्याएको हो। उनीहरूलाई भित्र्याउँदा यहाँका खेलप्रेमीलाई समेत पुराना नयाँ खेलाडीलाई नजिकबाट चिन्ने र बुझ्ने अवसर हुने आयोजकको ठम्याइ छ। चार दिने भ्रमणका क्रममा खेलाडीलाई मोरङ, सुनसरी, झापा र इलाम जिल्लामा पर्यटन र खेल प्रवर्द्धनमा जोड मिल्नेगरी अघि बढाइनेछ। खेल पर्यटनसँगै श्रीअन्तु पर्यटकीय क्षेत्रलाई समेत पुनर्मिलन भ्रमण कार्यक्रमले थप उजागर गर्ने बताइएको छ।

नेपालका सन् १९६४ सालमा पहिलोपटक ओलम्पिकमा सहभागिता जनाएका खेलाडीदेखि हालसम्मका ओलम्पियन, ओलम्पिक एसोसिएसनका अध्यक्ष तथा पदाधिकारी, खेलाडीलगायतलाई खेलप्रेमीमाझ उतार्ने बोर्डले जनाएको छ। कोशी प्रदेशको खेलकुदसँगै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि ओलम्पिकमा सहभागिता जनाएका खेलाडी तथा खेलकुदका चर्चित अनुहारलाई पुनर्मिलन गराउने कार्यक्रमको उद्घाटन प्रदेशका मुख्यमन्त्री केदार कार्कीले गर्ने छन्। कार्यक्रममा करिब ३५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

CHANGE OF NAME

I Nirmala Lingden spouse of RFA Ghanendra Lingden resident of vill panchami Gopetar Dist pancthar Nepal have changed my name from Nirmala lingden to Nirmala Yawa vide Affidavid self declaraction on dated 01 may 2024 .

आफ्ना श्रमिकलाई गोर्खा टेलरिङको सम्मान

बिर्तामोड(प्रस)। १३५ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा गोर्खा टेलरिङले दुई जना श्रमिकलाई सम्मान गरेको छ। बिगतका वर्षहरुमा जस्तै यस वर्ष पनि टेलरिङमा कार्यरत उत्कृष्ट कर्मचारीलाई सम्मान गरिएको गोर्खा फाउण्डेशनका अध्यक्ष तथा टेलरिङका प्रबन्ध निर्देशक वीरु दर्नालले बताए।

टेलरिङका कटिङ मास्टर नन्दु राजवंशी र बिक्री प्रबन्धक मेघप्रसाद अधिकारीलाई नगदसहित सम्मान गरिएको हो।मास्टर राजवंशीको कटिङ कलाबाट आफू निकै नै प्रभावित भएको र आजसम्म ९९ प्रतिशत ग्राहकलाई खुशी राख्न सफल राजवंशीबाट निर्देशित कुनै पनि सुट तथा अन्य कपडाको सिकायत आफूले सुन्नु र भोग्नु नपरेको दर्नालले बताए। मिठो बोली, फुर्तिलो शरीर, अधिक समय दिन सक्ने बिशेषताका कारण राजवंशीबाट आफू प्रभावित भएको कुरा दर्नालले दोहोर्याए। त्यस्तै सँधैंभरि आफूले समय दिन नसक्ने हुनाले टेलरिङको सम्पूर्ण रेखदेख, हिसाब किताव, ग्राहक सेवामा अनुशासित एवम् धैर्यताका साथ आफ्नो कर्मलाई विश्वास गर्ने अर्का कर्मचारी अधिकारीलाई बिशेष दिनको अवसरमा सम्मान गर्न पाउँदा आफू खुशी भएको दर्नालले बताए।

दश वर्ष अघिदेखि संचालनमा आएको गोर्खा टेलरिङले खाँडीको दौरा, अल्लोको कोट, विवाहको सुट, कार्यालय पोशाक एवम् विद्यार्थी पोशाक उपलब्ध गराउँदै आएको छ। सामाजिक कार्यमा समेत समर्पित गोर्खा टेलरिङले बिभिन्न समयमा गोर्खा फाउण्डेशनमार्फत् सामाजिक कार्यमा योगदान दिँदै आएको छ।

अत्यधिक...

उनले बताए। बुटवलका सामुदायिक र संस्थागत सबैमा उक्त निर्णय लागु हुने छ। बुटवल उपमहानगरपालिकामा संस्थागत ५९ र सामुदायिक ३९ गरी कुल ९८ वटा विद्यालय छन्।

कुल ५५ हजार विद्यार्थी उपमहानगरपालिका क्षेत्रमा अध्ययनरत छन्। राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गरेको कक्षा १२ को वार्षिक परीक्षा यथावत् रहेको उपमहानगरपालिकाले जनाएको छ। दुई दिनपछि मौसमको अवस्था हेरी थप बिदाको निर्णय गरिने खनालले बताए।

वेस्ट...

र किमो पलले अविजित १३ रन बनाए। बलिङमा नेपालका सागर ढकाल र करण केसीले एक एक विकेट लिए।

२२८ रनको लक्ष्य पछ्याएको नेपालका लागि करण केसी र लोकेश बम सर्वाधिक २८-२८ रन जाडे। कुशल मल्ल २०, विनोद भण्डारी १९, अनिल शाह १४, कप्तान दीपेन्द्रसिंह ऐरी ७, गुल्सन झा ६, कमलसिंह ऐरी ६, आरिफ शेख ३ रनमा आउट भए। नेपालका लागि नटआउट ३ रनमा समेटिए।

नेपालको ब्याटिङ लाइनलाई ध्वस्त बनाउन वेस्ट इन्डिजका लागि हेडेन वाल्शले तीन विकेट लिए। गुडाकेश मोतीले दुई विकेट लिए भने फेबियन एलेन ओबेद म्याक्रो, म्याथ्यू फोर्डले एकएक विकेट लिए। यो हारसँगै पाँच खेलको सिरिजमा नेपाल २-१ ले पछाडि परेको छ। नेपाल पहिलो खेलमा नेपाल चार विकेटले विजयी भएको थियो। दोस्रो खेल वेस्ट इन्डिजले १० रनले जितेको थियो। नेपालले वेस्ट इन्डिज 'ए' विरुद्ध आसन्न आइसिसी टी-२० विश्वकप क्रिकेटको तयारीका लागि सिरिज खेलेको हो।

हातीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरुद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ। यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ।

हात्तीपाइले रोगका लक्षणहरू

- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुनिने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल

हात्तीपाईले रोग बिरुद्धको औषधि खाने अभियानबारे सूचना

नेपालमा जनस्वास्थ्य समस्याको रुपमा रहेको हात्तीपाईले रोगले मानिसलाई सधैंका लागि अशक्त, अपाङ्गता र कुरुप बनाउँदछ।त्यसैले हात्तीपाईले रोग लाग्न नदिन यो औषधि खानु बाहेक अरु बिकल्प छैन।हात्तीपाईले रोग निवारणका लागि २०८१ बैशाखदेखि यस रोग बिरुद्धको औषधि खुवाउनका लागि स्वास्थ्यकर्मीहरु हरेक घर घरमा आउँदै हुनुहुन्छ।यस अभियानमा खुवाईने औषधिहरु पूर्ण रुपमा सुरक्षित र प्रभावकारी छन्।त्यसैले हामी सबैले अभियानको बेलामा औषधि खाउँ अनि परिवार र छिमेकीलाई पनि खान प्रोत्साहन गरौं। हात्तीपाईले रोगमुक्त समाजको निर्माण गरौं।

स्वास्थ्य कार्यालय झापा

लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो। झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्राय:जसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन्। सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरुवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ। बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौं।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौं।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस्।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ। वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ। त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौं।

डिभिजन वन कार्यालय, झापा सम्पर्क:
०२३४५२०५३, ९८५२६५५१८९

सम्पादकीय

सुहाङलाई बधाई

नेकपा एमालेले इलाम क्षेत्र–२ मा आफ्नो करिब तीन दशकयताको 'विरासत' कायम राख्न सफल भएको छ। बुबा सुवासचन्द्र नेम्बाङले २५ वर्षयता थामेर ल्याएको 'लालकिल्ला' ३५ वर्षीय सुहाङ नेम्बाङले शनिबारको उपनिर्वाचनमा फराकिलो मतान्तरसहित कायम राखेका छन्।

सुहाङ २७ हजार ७ सय ७२ मतसहित विजयी हुँदा नेपाली कांग्रेसका जिल्ला सभापति डम्बरबहादुर खड्काले २२ हजार ९ सय ४२ मतमा चित्त बुझाए। सबै दलले 'प्रतिष्ठा' को विषय बनाएको उपनिर्वाचनमा सुहाङको विजयसँगै एमाले २०५६ सालयता निरन्तर यो क्षेत्रमा झन्डा फहराउन सफल भएको छ।

२०४८ सालमा एमालेका सुवासचन्द्र नेम्बाङ पूर्वाञ्चल विकास क्षेत्रबाट निर्वाचित संसद् सदस्य बने। ०४८ सालदेखि एउटा मात्रै निर्वाचन क्षेत्र रहेको इलाम २०५१ सालदेखि तीन क्षेत्रमा बाँडियो। २०५२ सालमा पनि नेम्बाङ प्रतिनिधिसभाबाट निर्वाचित भए।

२०५६ सालयताका सबै संसदीय निर्वाचनमा एमालेले यो क्षेत्रमा विजय हासिल गरिरहेको छ। २०७४ सालपछिका प्रदेशसभा निर्वाचनमा पनि एमालेले बलियो पकड कायमै राखेको छ। अझ २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा कांग्रेस, माओवादी, नेकपा (एस) लगायत दलको तत्कालीन सत्ता गठबन्धनसमेतलाई चक्मा दिँदै एमाले उम्मेदवार नेम्बाङ नै विजयी बनेका थिए।

२०५६ सालको निर्वाचनमा नेम्बाङ यो क्षेत्रबाट पुनः विजयी बने। नेम्बाङले त्यो निर्वाचनमा तत्कालीन शिक्षामन्त्री कुलबहादुर (केबी) गुरुङलाई एक हजार सात सय मतान्तरले पराजित गरेका थिए।

२०६४ सालको संविधानसभा निर्वाचनमा नेम्बाङ १७ हजार सात सय ४८ मतसहित विजयी बनेका थिए। कांग्रेसका केशव थापाले १४ हजार ४४ मत ल्याएका थिए। २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा पनि नेम्बाङ १४ हजार नौ सय ३० मत ल्याएर विजयी बन्दा कांग्रेसका भेषराज आचार्यले १२ हजार आठ सय २८ मत ल्याएका थिए।

तीन निर्वाचन क्षेत्र रहेको इलाममा त्यसपछि २ क्षेत्रको संरचना बन्यो। भूगोल परिवर्तन भयो। देश संघीयतामा गएपछि २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा नेम्बाङ नै विजयी बने। उनले ३६ हजार पाँच सय १७ मत ल्याए। कांग्रेसका केशव थापाको २६ हजार आठ सय ६५ मत आएको थियो। २०७९ सालको निर्वाचनमा नेम्बाङ ३० हजार २० मतसहित विजयी बन्दा कांग्रेस उम्मेदवार डम्बरबहादुर खड्काले २९ हजार नौ सय छ मत ल्याएका थिए।

सुवासले यो क्षेत्रबाट विजयी भएर नेपालको संविधान (२०७२) को निर्माणमा नेतृत्वसमेत गरेका थिए। ३१ राजनीतिक दलले उनलाई सर्वसम्मत रूपमा संविधानसभा अध्यक्ष बनाएका थिए। २०६४ सालको निर्वाचनपछि पनि नेम्बाङ नै संविधानसभाको सर्वसम्मत अध्यक्ष भएका थिए।

२०४८ र २०५२ सालमा राष्ट्रियसभा सदस्य बनेका नेम्बाङ कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री, संसद्को सार्वजनिक लेखा समिति अध्यक्ष र पटक–पटक सभामुख भएका थिए।यसपटक सुहाङलाई जिताउन माओवादी, नेकपा र नेपाल परिवार दलले पनि सघाएका थिए। प्रतिनिधि सभा सदस्यमा निर्वाचित सुहाङलाई बधाई छ ।

Pratidin National Daily
प्रतिदिन
तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

यसरी सुधार्न सकिन्छ प्राविधिक तथा व्यावसायिक शिक्षा



• डा. कुश्माकर भट्ट

परापूर्वकालदेखि नै शिक्षाले व्यक्तिलाई अन्धकारबाट उज्यालोतर्फ डोहोर्‍याइ आत्मबोध गराउँछ, शिक्षित व्यक्ति आफ्नो परिवार र समुदायमा सकारात्मक परिवर्तनको संवाहक हुन्छ भन्ने मानिएको छ।

वर्तमानमा शिक्षा सामाजिक-आर्थिक विकासको पूर्वाधार, सभ्य समाज निर्माणको आधार र समग्रमा मानव जीवनमा सार्थकता ल्याउने अवयव मानिएको छ।

शिक्षाले व्यक्तिमा अन्तर्निहित क्षमता जागृत गराई विनम्रता, योग्यता र सक्षमता वृद्धि गर्दै श्रम बजारसँग जोड्न सक्नुपर्छ भन्ने मानिएको छ। शिक्षित जनशक्तिलाई उत्पादन तथा सेवा प्रवाहमा सरिक गराइ व्यक्तिगत सुखका साथै समाज र राष्ट्रको समृद्धिमा लगाउनुपर्छ भन्ने मानिएको छ।

शिक्षा गुणस्तरीय नभएमा अपेक्षित उद्देश्य पूरा हुन सक्दैन।

व्यक्तिगत, सामाजिक तथा राष्ट्रिय विकासका लागि गुणस्तरीय शिक्षा अपरिहार्य हुन्छ।

हरेक विषयको गुणस्तर समय, सन्दर्भ र परिवेशले निर्धारण गर्छ। शिक्षाको गुणस्तर गुणस्तरीय निवेश, गुणस्तरीय प्रक्रिया, गुणस्तरीय उपलब्धि तथा समाजमा सिर्जित सकारात्मक प्रभावले देखाउँछ।

गुणस्तरीय शिक्षाले व्यक्तिको व्यवहारमा सकारात्मक परिवर्तन गराइ समस्या हल गर्न सक्ने, कामको सम्मान गर्ने, उद्यमशीलता विकास गर्ने र समाजमा योगदान गर्न सक्ने सक्षम नागरिक तयार गर्छ। शिक्षाको माध्यमबाट व्यक्तिमा विषयको ज्ञान, सीप र क्षमता अभिवृद्धि भई व्यवहारमा सकारात्मक परिवर्तन हुनुपर्छ। यसो भएमा मात्र शिक्षा गुणस्तरीय रहेको मान्नुपर्छ।

शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा राज्यको शिक्षा नीति, अन्तर्राष्ट्रिय मञ्चमा गरिएका प्रतिबद्धता, पाठ्यक्रम, पाठ्यसामग्री र सिकाइ वातावरणको भूमिका हुन्छ।

शिक्षकको योग्यता, शिक्षणकला, पेसाप्रतिको जबाफदेहिता; शैक्षिक व्यवस्थापन, अनुगमन, निरीक्षण, सुपरिवेक्षण र मूल्यांकन प्रणालीले शिक्षाको गुणस्तरमा प्रभाव पारेको हुन्छ।

प्राविधिक शिक्षाको गुणस्तर मापनमा शिक्षण संस्थाको सुशासन अवस्था, स्रोत व्यवस्थापन, भौतिक पूर्वाधार र सुविधाले प्रभाव पारेको हुन्छ। मानवस्रोत, शिक्षक-प्रशिक्षकको दक्षता र प्रशिक्षण विधिले सिकाइ उपलब्धिमा प्रभाव पारेको हुन्छ। सरोकारवालासँगको समन्वय र सहकार्य, अध्ययन-अनुसन्धान र तथ्यांक व्यवस्थापनको पनि प्रभाव हुन्छ।

शिक्षाको गुणस्तर मापनका आधारहरू पनि यिनै हुन्।

गुणस्तर सुनिश्चित गर्न तय गरिएका मापदण्डहरूका आधारमा शिक्षण सिकाइका कार्यक्रम कार्यान्वयन गर्दा मात्र शिक्षाको उद्देश्य पूरा हुन सक्छ।

युरोपेली युनियनले गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका विशेषताहरू यस प्रकार उल्लेख गरेको छ-

शैक्षिक कार्यक्रमहरू व्यक्ति, समुदाय र श्रम बजारको आवश्यकता ठीकसँग सम्बोधन हुने गरी कार्यान्वयन भएका छन् भने।

शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित छ र शैक्षिक कार्यक्रमहरूमा युवाको आकर्षण छ भने।

सिकाइ योग्यता राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजारको स्तरमा मान्यताप्राप्त र प्रमाणीकरण भएको हुनुपर्छ।

औपचारिक तथा अनौपचारिक कार्य क्षेत्रमा मार्यादित रूपमा दिगो काम गर्ने वातावरण सुनिश्चित भएको हुनुपर्छ।

क्षमता अभिवृद्धि तथा निरन्तर सिकाइका अवसर उपलब्ध भएको र वृत्तिमार्गको सुनिश्चितता हुनुपर्छ।

उल्लिखित विशेषताहरू पूरा हुने गरी शैक्षिक प्रणाली तथा शैक्षिक कार्यक्रम कार्यान्वयनको उचित व्यवस्था गर्नुपर्छ।

नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा राज्यको प्राथमिकतामा परेको छ तर श्रम बजारको माग सम्बोधन गर्न सक्ने गुणस्तरीय शिक्षा नहुँदा युवाको आकर्षण घट्दो छ। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर सुधार गरी शिक्षामा युवाको आकर्षण बढाउन श्रम बजारको माग सम्बोधन गर्न सक्नुपर्छ।

रोजगारी दिनेहरूसँग समन्वय र सहाकार्य गरी घरेलु श्रम बजारमा दिगो तथा सम्मानित रोजगारीको वातावरण सिर्जना गर्नुपर्छ।

यस दिशामा अघि बढ्न आवश्यक सुधारका मुख्य आठ वटा विषयमा यहाँ चर्चा गरिएको छ।

१. युग सुहाउँदो शैक्षिक कार्यक्रम छनोट

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरू युवाकेन्द्रित हुनुपर्छ। परम्परागत तथा परनिर्भरता बढाउने कार्यक्रम होइन, श्रम बजारको आवश्यकता पूरा हुने र युवाको आकर्षण हुने पेसासम्बन्धी कार्यक्रम चलाउनुपर्छ। यसो गर्न सक्दा मात्र प्राविधिक शिक्षाका कार्यक्रमहरू प्रभावकारी हुन्छन्।

कुनै पनि प्राविधिक विषय र व्यवसाय एउटै भौगोलिक तथा सामाजिक क्षेत्रमा लामो समय रहँदैन। व्यावसायिक क्षेत्रमा आउने परिवर्तनसँगै शिक्षाका कार्यक्रमहरू परिमार्जन गर्नुपर्छ। यसो गर्न आवश्यकताको अध्ययन-अनुसन्धान नियमित हुनुपर्छ।

२. शिक्षण संस्था विस्तार र पहुँच सुनिश्चितता

राज्यले शिक्षण संस्थाहरूको विस्तार र शिक्षामा समावेशीमूलक पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गर्न सक्दा मात्र इच्छुक सबैले शिक्षा पाउने वातावरण बन्छ। सीपको नक्सांकन गरी श्रम बजारको आवश्यकतामा आधारित भएर मात्र शिक्षण संस्था तथा शैक्षिक कार्यक्रम विस्तार गर्नुपर्छ।

निःशुल्क वा न्यून शुल्कमा पढ्ने र प्रशिक्षण लिने व्यवस्था भए शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ।

नेपालमा प्राविधिक शिक्षातर्फ हाल विस्तार गरिएका कतिपय शिक्षण संस्था तथा सञ्चालित कार्यक्रमहरूको आवश्यकता, उपयुक्तता पूर्वाधार तयारी, मानवस्रोत आदि हेरेर परिमार्जन वा स्थगन गर्नु आवश्यक देखिएको छ।

३. पूर्वाधार, पाठ्यक्रम, सिकाइ र परीक्षा

कक्षाकोठा, प्रयोगशाला, कार्यशाला, फर्निचर, खेलमैदान र स्वच्छ खानेपानी शिक्षण संस्थामा हुनुपर्ने अनिवार्य भौतिक पूर्वाधार हुन्। साथै सुरक्षित घेराबार, उपयुक्त शैक्षिक वातावरण, पुस्तकालय, मेसिन, उपकरण, डिजिटल सामग्री चमेनागृह, आवास आवश्यक हुन्छ।

गुणस्तरीय शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री, शिक्षक निर्देशिका सहज रूपमा उपलब्ध हुनुपर्छ। सिकाइ सामग्रीहरू विद्यार्थी-प्रशिक्षार्थीको रूचिअनुकूल सान्दर्भिक, समयसापेक्ष, रचनात्मक र प्रविधिसंगत हुनुपर्छ। सीप र सिकाइ प्रत्यक्ष रूपमा श्रम बजारसँग जोडिएको हुनुपर्छ। यसो भए मात्र प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर सुनिश्चित गरिएको मान्न सकिन्छ।

सिकाइ व्यावहारिक बनाउन बजारको माग सम्बोधन हुने गरी पाठ्यक्रम निर्माण तथा समयानुकूल परिमार्जन गर्नुपर्छ। प्राविधिक तथा व्यावसायिक शिक्षा व्यावहारिक बनाउन प्रयोगात्मक सिकाइमा जोड दिनुपर्छ, परीक्षणले सिकाइस्तर मापन गर्न सक्नुपर्छ।

हालको परीक्षा प्रणाली परिमार्जन गरी प्रयोगात्मक सिकाइको निरन्तर मूल्यांकन गर्नुपर्छ। थोरै भार मात्र अन्तिम लिखित परीक्षालाई दिनुपर्छ। यसो हुँदा मात्र कार्यस्थलमा सीप प्रयोग गर्ने दक्षता हासिल हुन्छ।

४. शैक्षिक नेतृत्व तथा मानवस्रोतको व्यवस्थापन

गुणस्तरीय शिक्षामा शिक्षण संस्थाको नेतृत्व तथा प्रशिक्षकहरू निवेशका रूपमा हुन्छन्। प्रतिस्पर्धाबाट सक्षम नेतृत्व छनोट गरेर जिम्मेवारी दिन सकेमात्र शिक्षण संस्थाको सुधार हुन सक्छ। भनसुन र नातागोताका भरमा पाएको नेतृत्व तथा अनिच्छुक व्यक्तिलाई बलपूर्वक थोपरिएको नेतृत्वबाट गुणस्तर सुनिश्चितता अपेक्षा गर्न सकिँदैन।

शिक्षाको गुणस्तर सुधार गर्न योग्य, क्षमतावान, दृढ इच्छाशक्ति र दूरदृष्टि भएको व्यक्तिलाई नेतृत्व दिनुपर्छ।

शिक्षक-प्रशिक्षकलाई शिक्षण संस्था व्यवस्थापनको तालिम दिने व्यवस्था हुनुपर्छ। नेतृत्व लिन चाहने व्यक्तिले तालिम प्राप्त गरी आफूलाई सक्षम बनाउने अवसर पाउनुपर्छ।

शिक्षाको गुणस्तर सुधारमा शिक्षक-प्रशिक्षकको भूमिका महत्वपूर्ण हुन्छ। यसकारण योग्य, सक्षम, जाँगरिला, समर्पित, सकारात्मक सोच भएका र आधुनिक प्रविधिसँग परिचित उत्कृष्ट व्यक्ति शिक्षण पेसामा आउने सुनिश्चिता गर्नुपर्छ। शिक्षाको गुणस्तर अभिवृद्धि गर्न उद्योगसम्बन्धी अनुभवप्राप्त, सिर्जनशील र लगनशील प्रशिक्षक आवश्यक पर्छ।

पुनर्ताजगी तालिम तथा कार्यक्रमले प्रशिक्षकको क्षमता अभिवृद्धि गर्छ र पेसाप्रति उत्प्रेरणा जगाइराख्न मद्दत पुग्छ।

५. प्रभावकारी प्रशिक्षण तथा सिकाइ

गुणस्तरीय शिक्षाको सबभन्दा महत्वपूर्ण पक्ष प्रशिक्षण र सिकाइस्तर हो। विद्यार्थी-प्रशिक्षार्थीलाई सामाजिक, पारिवारिक, आर्थिक, मनोवैज्ञानिक रूपमा तयार गरी भयरहित र चिन्तारहित वातावरणमा सिकाउने व्यवस्था गर्नुपर्छ।

सिकाइ परीक्षामुखी मात्र हुन हुँदैन। शिक्षण-प्रशिक्षण डर-त्रासरहित वातावरणमा आधुनिक प्रविधिका साथ रचनात्मक, सिर्जनशील प्रयोगात्मक, खोजमूलक, स्थलगत भ्रमणमा आधारित, अनुसन्धानमूलक, परियोजना कार्यमा आधारित हुनुपर्छ।

गुणस्तर सुधार गर्न शैक्षिक गतिविधिको नियमित अनुगमन र सुपरिवेक्षण हुनुपर्छ। शिक्षकको एकल प्रयास मात्र गुणस्तर सुधारमा पर्याप्त हुँदैन। सबै सरोकारवालाको साझा प्रयास आवश्यक पर्छ।

शिक्षण संस्थाले आफ्नो लक्षित क्षेत्रमा रहेका उद्योग व्यवसाय र प्रतिष्ठानसँग समन्वय र सहकार्य गरी औद्योगिक प्रशिक्षण र कार्यगत तालिम चलाउनुपर्छ।

६. प्रशिक्षार्थी सेवा, वृत्तिपरामर्श र पदस्थापन

विद्यालयमा दिइने शिक्षाले व्यक्तिको सर्वांगीण विकासमा मद्दत गर्नुपर्छ। व्यक्तिको बौद्धिकता उजागर गर्नुपर्छ। शिक्षाले परम्परागत सीपको वैज्ञानिकीकरण र प्रवर्द्धन गर्नुपर्छ। शिक्षा व्यवसायका लागि हुनुपर्छ। शिक्षण संस्थाले विषयको ज्ञानका साथ जीवनोपयोगी सीप, परामर्श र वृत्तिमार्ग निर्देश गर्नुपर्छ। व्यक्तिलाई दक्ष बनाउन मद्दत गर्नुपर्छ।

विद्यालयको पढाइमा असफल भएका र विद्यालयबाट निकालिएका व्यक्तिहरू व्यावहारिक जीवनमा सफल भएका धेरै उदाहरण छन्। त्यस्ता कतिपय व्यक्तिमा औपचारिक शिक्षाको प्रमाणपत्र नहुँदा हीनताबोध भएको पनि देखिन्छ। शैक्षिक योग्यताको प्रमाणपत्र भएका तर तदनुरूप व्यावहारिक र जीवनोपयोगी सीप नभएका कारण बेरोजगार भएका व्यक्तिहरू पनि भेटिन्छन्।

गुणस्तरीय शिक्षाले व्यक्तिको रूचि र क्षमताअनुसार जीविकोपार्जनमा सहयोग पुर्‍याउँछ। प्रमाणपत्र दिनुका साथै सामाजिक परिवेशप्रति सचेत र उत्तरदायी पनि बनाउँछ।

७. अध्ययन, अनुसन्धान र तथ्यांक

प्रत्येक शिक्षण संस्थाले आफ्ना गतिविधिको सूचना र तथ्यांकहरू अभिलेखीकरण गरी अद्यावधिक गर्नुपर्छ। शिक्षाका सरोकारवालाहरू धेरै हुन्छन्। तिनलाई तथ्यांक आवश्यक पर्छ।

शिक्षण संस्थासँग प्रत्येक शैक्षिक सत्रका कार्यक्रमहरूमा आवेदकको संख्या, भर्ना भएका विद्यार्थी-प्रशिक्षार्थीको संख्या, बीचमा पढाइ छाड्नेको संख्या, उत्तीर्ण दर, रोजगारीको दर र आयआर्जनको पनि तथ्यांक हुनुपर्छ।

यस्ता तथ्यांकहरू विश्लेषण गरेर कार्यक्रमको प्रभावकारिता जाँच गर्न सकिन्छ। कार्यक्रममा सुधार गर्नुपर्ने पक्षहरूको लेखाजोखा राख्न, योजना तर्जुमा गर्न र कार्यक्रममा सुधार गर्न

❖ बाँकी तेस्रो पृष्ठमा

स्रोतसाधन भए पनि किन कमजोर छन् हाम्रा स्कुल?

डा. पेशल खनाल

विद्यावारिधि शोधकार्यका दौरान मैले मेरा बेलायती गुरू टोनी बुथलाई सोधेको थिएँ – विद्यालय सुधारको मूल सूत्र के हो?

उहाँले तीन शब्दमै सहज उत्तर दिनुभएको थियो – पोजिटिभ स्कुल कल्चर।

मैले सूत्रको सार के हो भनेर तत्कालै सोधेको थिएँ।

उहाँले भन्नुभएको थियो – तपाईंले आफ्नो घर प्रवेश गर्नेबित्तिकै बगैंचामा रोपेको बिरूवा भाँचिएको देख्नुभयो भने कति चित्त दुखाउनुहुन्छ? पक्कै पनि तपाईं चिन्तित हुँदै यो कसले गर्‍यो, किन गर्‍यो भनेर सोध्न थाल्नुहोला। के तपाईं आफ्नो विद्यालयमा प्रवेश गर्दा बगैंचामा बिरूवा भाँचिएको देख्नुभयो भने त्यस्तै चिन्ता गर्नुहुन्छ?

हो, विद्यालय संस्कृतिको मूल पक्ष यसैमा निर्भर रहन्छ।

उहाँले थप व्याख्या गर्दै भन्नुभएको थियो – मानौं, तपाईंको परिवारमा प्रशस्तै धनसम्पत्ति छ, भौतिक सुविधाको पूर्णता छ। मीठो खान, राम्रो लगाउन, देशदेशान्तर घुमफिर गर्न स्रोतसाधनको कमी छैन। यससँगै सोच्नुहोस् त, परिवारमा बसेर भलाकुसारी गर्ने समय छैन, सबैका प्राथमिकता फरक फरक छन्। भेट हुँदा असन्तुष्टि पोख्ने र कुरा काट्ने काम हुन्छ।

उहाँ रोकिनुभएन, भनिरहनुभयो, 'सबैका बोलीवचन रूखा छन्। सामूहिक भावना छैन, देखिने नदेखिने गरी परिवारका सदस्यबीच देखासेखी र द्वन्द्वको भावना छ। सम्पत्ति र भौतिक सुविधा पुगेर सबैमा स्वार्थ र अहमता देखिन्छ। त्यस्तो परिवार सफल र आदर्श मान्न सकिँदैन।'

उहाँले थप उदाहरण दिनुभयो – अर्को परिवार छ, आम्दानी र सुविधा मध्यमस्तरको छ तर परिवारका सबै सदस्यहरू आपसमा दुःखसुख बाँड्छन्। भलाकुसारी गर्छन्। काम बाँडफाँट गर्छन्। मितव्ययी रूपमा खर्च गर्छन्। साँझबिहान सबै जना सँगै बसेर हाँसीखुसी खान्छन्। त्यहाँ आत्मीयता छ, एकअर्कामा माया र सम्मान छ। उनीहरूले थोरै आम्दानी र स्रोतसाधन मितव्ययी रूपमा उपयोग गर्दै रमाइलो जीवन बिताएका छन्। सबैमा जिम्मेवारीको सामूहिक भावना छ।

उहाँले निष्कर्ष दिनुभएको थियो, 'राम्रो आम्दानी र भौतिक स्रोतसाधनले सम्पन्न हुँदैमा परिवार सुखी हुने होइन। सुख त सकारात्मक पारिवारिक संस्कृतिले प्राप्त हुने हो।'

यही सूत्र विद्यालयमा पनि लागू हुन्छ।

विद्यालय सुधारबारे उहाँको सार-सूत्र यही थियो।

अब कुरा गरौं नेपालको।

हाम्रा धेरै सामुदायिक विद्यालयसँग पुग्दो जग्गा, भवन र शैक्षिक सुविधा छ, शिक्षक छन्। स्रोतसाधनका हिसाबले अधिकांश विद्यालय राम्रो अवस्थामा छन्।

यति हुँदा पनि आमरूपमा यी विद्यालयमा विद्यार्थीको सिकाइस्तर कमजोर छ। कक्षा ५ पूरा गरेका अधिकांश विद्यार्थी आफ्नो पाठ पढ्न र लेख्न सक्दैनन्। सिकाइको स्तरमा चित्त नबुझाएर अभिभावकहरू निजी विद्यालयमा महँगो शुल्क तिरेर छोराछोरी पढाउँछन्।

स्रोतसाधन हुँदाहुँदै हाम्रा स्कुल किन कमजोर भए त?

मूलतः हामीले लगानी र प्रक्रियामा मात्र कमजोरी देख्यौं। सोहीअनुसार विद्यालय सुधारका ठूल्ठूला योजना बनायौं। दाताहरूको सहयोगमा लगातार भौतिक सुविधा, पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षण र मूल्यांकन विधि, शैक्षिक योजना, शिक्षक तालिम, अभिभावकको संलग्नता, नेतृत्व र व्यवस्थापन, सूचना तथा प्रविधि जस्ता क्षेत्रमा नयाँनयाँ योजना र कार्यक्रम लागू गरिरहेका छौं।

यति गर्दा पनि विद्यार्थीको सिकाइ गुणस्तरमा अपेक्षित परिवर्तन आउन सकेको छैन।

यसो हुनुको मूल कारण विद्यालय परिवारमा सहकार्य, सामूहिकता, अपनत्व, पेसाप्रतिको गौरव र सम्मानको संस्कृति निर्माण हुन नसक्नु हो।

विद्यालय संस्कृति विद्यालयको आत्मा हो। व्यक्तिमा आत्माको शुद्धीकरण नभएसम्म भौतिक सुविधा र सम्पन्नताले आनन्द र सुख प्राप्त हुँदैन।

व्यक्ति जस्तै स्कुलका व्यवस्थापक, शिक्षक, अभिभावक र विद्यार्थीका व्यवहारमा प्रतिविम्बित मूल्यमान्यता, पद्धति, आचरण, सोच, व्यवहार, दृष्टिकोण, झुकाव, नेतृत्व जस्ता पक्षले स्कुलको सफलता वा असफलता निर्धारण गर्छ।

यी पक्ष ध्यानमा राखेर हामीले लगानी र प्रक्रियासँगै विद्यालय संस्कृतिमा सकारात्मक परिवर्तन ल्याउन सुधारको काम थाल्ने बेला भएको छ।

हाम्रा सामुदायिक विद्यालयमा शिक्षकहरूबीच सामूहिक भावना र स्कुलप्रति अपनत्वको कमी छ। शिक्षक र व्यवस्थापन सदस्य दुबै राजनीतिक आस्थाका आधारमा विभाजित र पूर्वाग्रही छन्। शिक्षकहरूमा 'हामी सबै एउटै विद्यालय परिवारका साझा सदस्य हौं' भन्ने भवानाको कमी छ। बरू 'अलग अलग संघसंगठनका सदस्य हौं' भन्ने विभाजित मनस्थिति छ।

हामीले विद्यालयमा शिक्षक र व्यवस्थापन सदस्यहरूबीच एकअर्कालाई सम्मान गर्ने, आपसमा छलफल गर्ने, आपसबाट सिक्ने संस्कार विकास गर्न सकेनौं। व्यवस्थापनले शिक्षकको दोष देख्यो; शिक्षकले व्यवस्थापनलाई अनपढ, अविवेकी र पूर्वाग्रही देखे।

हामीले सबैको फरक फरक पहिचान, अनुभव र क्षमताको उपयोग गर्ने संस्कार निर्माण गर्न सकेनौं। बरू शिक्षक व्यवस्थापन, स्थायी-अस्थायी, प्रावि-मावि, सरकारी दरबन्दी-निजी स्रोत जस्ता संरचना हेरेर 'ठूलो-सानो' र 'तेरो-मेरो' को पहिचान बलियो बनायौं।

सामूहिक भावना, अपनत्व, कर्तव्य र जिम्मेवारीभन्दा पनि जागिरको अपौचारिकतामा सीमित भएर रमायौं।

शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गरेर स्थायी सेवाका लागि प्रवेश गरेका मेरा एक पूर्वविद्यार्थीले भनेको एउटा कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक ठानेको छु।

उनको भनाइ यस्तो थियो –

'म शिक्षक सेवा आयोग पास गरेर ठूलो जोस र जाँगरसहित स्कुल गएको थिएँ। कलेजमा सिकेको शिक्षण र मूल्यांकन विधिका नयाँ ज्ञान र सीप प्रयोग गर्दै विद्यार्थीहरूलाई सिकाइ क्रियाकलापमा अधिकतम सरिक गराउने उत्साह थियो। सोहीअनुसार ठीक समयमा कक्षामा जाने, पूरा समय विद्यार्थीलाई कार्यकलापमा संलग्न गराउने, नयाँनयाँ प्रोजेक्ट-वर्कका लागि विद्यार्थीलाई कक्षाबाहिर पनि लैजाने, विद्यार्थी-शिक्षक सम्बन्ध आत्मीय बनाउन कहिलेकाहीँ रमाइला अतिरिक्त क्रियाकलाप गर्ने जस्ता गतिविधि गर्न थालेँ।

म अरू शिक्षक साथीहरूबाट सिक्न र आफूले जानेको कुरा उहाँहरूसम्म पुर्‍याउन चाहन्थेँ। तर त्यहाँ त यसो गर्ने सहकार्यको संस्कृति नै रहेनछ। मैले सिकारू केन्द्रित र कार्यकलापमुखी शिक्षण गरेको अधिकांश शिक्षकलाई पाच्य भएन।

उहाँहरूले मलाई 'नयाँ जोगीले धेरै खरानी घस्छ, त्यसको फूर्ति कति दिन टिक्छ' भनेर टीकाटिप्पणी गरेको थाहा पाएँ। बिस्तारै मलाई एक्लो महसुस हुन थाल्यो। मेरो जोस-जाँगर मर्दै गयो। म पनि उहाँहरू जस्तै जागिरे भएँ।'

मेरा पूर्वविद्यार्थीको यस्तो कुरा सुनेर म निराश भएँ।

❖ बाँकी तेस्रो पृष्ठमा

भद्रपुरमा म्याद गुज्रिएका सामान जफत

भद्रपुर(प्रस) ।झापाको सदरमुकाम रहेको भद्रपुरमा मंगलबार बजार अनुगमन गरिएको छ ।

उपप्रमुख तथा अनुगमन समितिकी संयोजक राधा कार्कीको नेतृत्वमा खाद्य तथा किराना पसल र फलफूल पसलहरुमा अनुगमन गरिएको हो ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय झापाका खाद्य अनुसन्धान अधिकृत संगीता शाह, गुणस्तर तथा नापतौल कार्यालयका विजयनन्द चौधरी, कामिन राजवंशी, वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी सहायक निरीक्षक बलकुमार राईलगायतको टोलीले भद्रपुर बजारका खाद्य तथा किरानाका थोक बिक्रेता र फलफूल पसलमा अनुगमन गरेको अनुगमन समितिका फोकल पर्सन राजश्व शाखा प्रमुख सुशील कर्णले बताए ।

अनुगमन टोलीले भद्रपुर ४ स्थित गंगा स्टोर, राजेन्द्र स्टोर, जोसना फलफूल पसल, भद्रपुर ५ को पार्वती स्टोर र भद्रपुर ६ को बिक्की स्टोरमा अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा केही पसलमा म्याद गुज्रिएका खाद्य सामग्री तथा पेय पदार्थ फेला परेको र ती सामग्री जफत गरी नष्ट गरिएको अनुगमन समितिकी संयोजक तथा उपप्रमुख राधा कार्कीले जानकारी दिइन् । उनले बजारमा सामानहरुको मूल्यमा एकरुपता नभएको, म्याद गुज्रिएका सामान पाइने गरेकोजस्ता जनगुनासो आइरहेकोले बजार अनुगमन गरिएको बताउँदै बजार अनुगमन तीव्रताका साथ निरन्तरता दिइने पनि जानकारी दिइन् ।

शुभसाइत...

तर्फबाट शुभसाइत बचत तथा ऋण सहकारी संस्था लि. भद्रपुरमा बचत गर्ने बचतकर्ताहरूको बचत रकम १,०३,९३,८७९:८४ (एक करोड तीन लाख त्रियानब्बे हजार आठ सय उनासी रुपैंया चौरासी पैसा) रकम हिनामिना गरी ठगी गरेकोले प्रतिवादीहरूलाई सहकारी ऐन,२०७४ को दफा १२२ को देहाय (घ), (ङ) र (च) बमोजिम कसुरमा सोही ऐनको दफा १२४ (१) (घ) (४) बमोजिम सजाय गरी पीडितहरूको बिगो भराई क्षतिपूर्ति समेत दिलाई पाउँ भन्ने समेत बेहोराको माग दावी गरेका थिए ।

अभियोगपत्रसहित उपस्थित गराईएका प्रतिवादीहरू सन्जोक गिरी, दिपक खवास, कञ्चन आचार्य र ज्योति बर्मनको बयान लिएपश्चात वादी नेपाल सरकारको तर्फबाट सहायक जिल्ला न्यायाधिवक्ता लवराज घिमिरे र प्रमिला सुनुवारले बहस गरेका थिए । प्रतिवादी सन्जोक गिरीको तर्फबाट बरिष्ठ अधिवक्ता दामोदर सापकोटा, पदम डाँगीले बहस गरेका थिए। प्रतिवादी दिपक खवासको तर्फबाट अधिवक्ता भीमप्रसाद बराल र अधिवक्ता परशुराम बाँनियाले बहस गरेका थिए । प्रतिवादी कञ्चन आचार्यको तर्फबाट अधिवक्ता गजेन्द्र आचार्य, अधिवक्ता ओमप्रकाश तिम्सिना र अधिवक्ता चेतनाथ आचार्यले बहस गरेका थिए भने प्रतिवादी ज्योति बर्मनको तर्फबाट अधिवक्ता सुरज खत्री र अधिवक्ता शान्ता पाठकले बहस गरेका थिए ।

२०८० साल फागुन १३ गते ५४ जनाले, २०८० चैत २३ गते १ सय ४५ जनाले, २०८० चैत २७ गते ४९ जनाले र २०८० चैत २९ गते २४ जनाले गरी २ सय ७२ जना सहकारीका बचतकर्ताहरूले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेका थिए ।इनरुवामा दर्ता भएर विगत ३ वर्षदेखि भद्रपुरमा गैरकानूनी रुपमा सञ्चालन गर्दै आएको शुभसाइत बचत तथा ऋण सहकारी संस्था लि.का सञ्चालकहरूलाई जिल्ला प्रहरी कार्यालयले फागुन ३० गते पक्राउ पुर्जी जारी गरेको थियो ।

पक्राउ पुर्जी जारी गरेको १३ दिनमा अर्थात चैत १३ गते प्रहरीले उपाध्यक्ष गिरी, सचिव आचार्य र सदस्य खवासलाई पक्राउ गरेको थियो । कोषाध्यक्ष ज्योति वर्मन स्वास्थ्यका कारण प्रहरीकै सम्पर्कमा रहेर पक्राउ नदिएपछि बचतकर्ताहरूको दवावमा वर्मनलाई पनि प्रहरीले पक्राउ गरेको थियो ।

गैरकानूनी रुपमा सहकारी सञ्चालन गरी सहकारीको रकम आफ्नो ब्यक्तिगत खातामा जम्मा गर्दै बचतकर्ताको रकम हिनामिना गरेपछि सहकारीका पीडित शेयर धनी तथा बचतकर्ताहरूको संघर्ष समितिले फागुन १४ गते प्रदेश सहकारी रजिस्ट्रार कार्यालय इटहरीमा रकम हिनामिना गरेको भन्दै सञ्चालक समितिविरुद्ध उजुरी दिएका थिए । रजिष्ट्रार कार्यालयले सोही उजुरीबमोजिम अनुसन्धान र कारबाही प्रक्रिया अघि बढाउनु भन्दै जिल्ला प्रहरी कार्यालय झापालाई पत्राचार गरेको थियो । सोही पत्राचारअनुसार जिल्ला प्रहरी कार्यालय झापाले सहकारीका शेयर सदस्यहरूले जम्मा गरेको शेयर पूँजी र बचत रकम सञ्चालक समिति वा सदस्य व्यवस्थापक वा कर्मचारीले हिनामिना एवं अपचलन गरेको मुद्दा दर्ता गराई कारबाही प्रक्रिया अघि बढाएको थियो। मुद्दा दर्तासँगै जिल्ला प्रहरी कार्यालय झापाले फागुन ३० गते सातै जना सञ्चालकको नाममा पक्राउ पुर्जी जारी गरेको थियो ।

सहकारीका अध्यक्ष मदन श्रेष्ठ, सञ्चालक सदस्य हेमसागर बन र साइरस अधिकारी अझै फरार रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक महेन्द्र पराजुलीले जनाएका छन् ।

यसरी...

सहयोग पुग्छ।

८. सुशासन तथा व्यवस्थापन

हरेक संस्थाको विश्वसनीयता र दिगोपना संस्थाको सुशासनमा निर्भर हुन्छ। शिक्षण संस्थाको शैक्षिक, भौतिक तथा आर्थिक पक्षहरू चुस्तदुरूस्त र पारदर्शी हुनुपर्छ।

शिक्षण संस्था सुधारका लागि प्रत्येक शैक्षिक सत्रको अन्त्यमा स्वमूल्यांकन गरेर सुधार गर्नुपर्ने पक्षहरूको सूची बनाउनुपर्छ। यस्तो सूचीमा सरोकारवालाहरूसँग समन्वय गरी रणनीतिक योजना बनाएर कार्यान्वयन गर्नुपर्छ। शिक्षा गुणस्तरीय हुन संस्थाको नीति, रणनीति, सहभागिता, समावेशिता निर्णय प्रक्रिया, सेवा प्रवाहको सुनिश्चितता आदि पारदर्शी हुनुपर्छ। सम्पन्न भएको कामको सामाजिक तथा आर्थिक परीक्षण गराउनुपर्छ। सबै प्रक्रिया सहभागितामूलक हुनुपर्छ। विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघ र शिक्षक वर्गको सहभागितामा सबैको अपनत्व, जिम्मेवारी, जबाफदेहिता र उत्तरदायित्व हुने गरी निर्णय गर्नुपर्छ। गुणस्तरीय शिक्षा र गुणस्तरीय शिक्षण देश विकासको आधारभूत स्तम्भ हो। अभिभावक र युवा विद्यार्थीहरूमा नेपालको शैक्षिक प्रणालीप्रति विश्वास घट्दै गएको छ। यस्तो अवस्थामा शिक्षण संस्थाहरूले गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै विश्वास जित्नुपर्ने आवश्यकता छ।

संयुक्त राष्ट्रसंघले समग्रमा उज्ज्वल तथा समृद्ध भविष्यका लागि गुणस्तरीय शिक्षा महत्वपूर्ण हुन्छ भनेको छ। गुणस्तरीय शिक्षाले परिवार, समाज र राष्ट्रको समृद्धिमा मद्दत पुर्‍याउँछ भनेको छ।

सबैका लागि जीवनपर्यन्त उपयोगी सिकाइका अवसरहरू सिर्जना गर्दै समावेशी र गुणात्मक शिक्षा सुनिश्चित गर्न सकिए मात्र शिक्षाको उद्देश्य पूरा हुन्छ।

राज्यको शैक्षिक नीति र पाठ्यक्रम श्रम बजारमा आधारित हुनुपर्छ। देशको प्राकृतिक स्रोतसाधन र औद्योगिक स्थिति अनुसारको व्यावहारिक सिकाइ हुनुपर्छ। यसरी मात्र विश्वसनीय शैक्षिक वातावरण बन्न सक्छ। हाल प्राविधिक शिक्षामा देखिएका समस्याहरू समाधान गर्न पनि विश्वसनीय शैक्षिक वातावरण आवश्यक छ। राज्यले सबै सरोकारवालाहरूसँग राय-सुझाब लिएर आजको समाज, समयको माग र भाबी पुस्ताको आवश्यकता अनुसार गुणस्तरीय शिक्षाको मापदण्ड तय गर्नुपर्छ। वर्तमान शिक्षा प्रणाली, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ विधि लगायतमा समय सापेक्ष परिमार्जन गर्दै शिक्षा गुणस्तरीय, व्यावहारिक, जीवनउपयोगी, रोजगारीमूलक र अनुसन्धानमूलक बनाउनुपर्छ।

शिक्षण प्राविधिक कार्य हो। यसमा खास किसिमको सीप र दक्षता आवश्यक पर्छ। शिक्षण पेसाका शिक्षक-प्रशिक्षकले शिक्षण सिकाइमा आधुनिक स्रोतसाधन प्रयोग गर्न जान्नुपर्छ। सैद्धान्तिक, मनोवैज्ञानिक, व्यावहारिक र प्राविधिक ज्ञान हुनुपर्छ। यस्ता शिक्षक-प्रशिक्षकबाट शिक्षण-प्रशिक्षण हुन सके मात्र शिक्षाको उद्देश्य प्राप्त हुनेछ। शिक्षा गुणस्तरीय हुनेछ। देश समृद्धिको मार्गमा अघि बढ्नेछ।

वेस्ट इन्डिजसँग नेपाल ७६ रनले पराजित

झापा(प्रस) । वेस्ट इन्डिज 'ए' सँग नेपाल ७६ रनले पराजित भएको छ। वेस्ट इन्डिजविरुद्धको टी-२० सिरिजको तेस्रो खेलमा चुनौतीपूर्ण २२८ रनको लक्ष्य पछ्याएको नेपाल १९ दशमलव २ बलमा १५१ रन बनाएर अलआउट भएको हो।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ रोजेको वेस्ट इन्डिज 'ए' ले निर्धारित २० ओभरमा तीन विकेटको क्षतिमा दुई सय २७ रन बनाएको थियो। वेस्ट इन्डिजको जितका लागि जोनसन चार्ल्सले शतकीय पारी खेले । उनले ६१ बलमा १३ चौका र सात छक्काको सहयोगमा अविजित एक सय १९ रन बनाए।

यस्तै आन्द्रे फ्लेचरले ५३ रन बनाए । फाबिएन एलेनले १९, ओपनर एलिक अथान्जेले १७ रन

ट्रेड युनियन कांग्रेसले मनायो श्रमिक दिवस

बिर्तामोड (प्रस) । नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेबेले शोषित/पीडित किसान, मजदुर र तमाम नेपाली जनताको निमित्त कांग्रेस पार्टीको जन्म भएको बताएका छन् ।

१३५ औ श्रमिक दिवसको अवसरमा नेपाल ट्रेड युनियन कांग्रेस झापाद्वारा बिर्तामोडमा आयोजित र्‍यालीपछिको सभालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै सभापति थेवेले श्रमिक वर्गको आर्थिक उन्नति र आत्मसम्मान बढाउन नसकेसम्म देशमा विकासको गति अघि बढ्न नसक्ने भनाइ राखे ।

१२२ औं अन्तराष्ट्रिय श्रमिक दिवस (MAY DAY)
बृहत र्‍याली तथा श्रमिक सभा
२०८१ वैशाख १९ गते
REDMI NOTE 10 PRO
01/05/2024 13:11

नेपाल ट्रेड युनियन कांग्रेसका केन्द्रीय उपाध्यक्ष ज्योती कोइरालाले श्रमिकले आफूले काम गरेको ज्याला समयमै पाउनुपर्ने कुरामा जोड दिँदै मजदुरलाई सताएर कोही पनि सम्पन्न नहुने भनाइ राखे । नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले श्रम र श्रमजीवीको सम्मानले मात्रै देश विकासको गति अघि बढ्ने धारणा राखे ।

नेपाल चिया बगान श्रमिक संघका केन्द्रीय अध्यक्ष दिपक तामाङले बिगत ८ हप्तादेखि चिया बगानमा कार्यरत मजदुरले ज्याला नपाएको बताउदै अबिलम्ब ज्याला दिन उद्योगीसंग माग गरे । मजदुरका यी मागलाइ बेवास्ता गरे कडा आन्दोलनमा उत्रने चेतावनीसमेत दिए ।

नेपाल ट्रेड युनियन कांग्रेस झापाका अध्यक्ष यज्ञप्रताप अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस झापाका कोषाध्यक्ष जलकुमार गुरुङ, नेपाल ट्रेड युनियन कांग्रेसका केन्द्रीय सदस्य उर्मिला पोखरेल, कोशी प्रदेश सचिव उमाकान्त आचार्य, नेपाल शिक्षक संघ कोशी प्रदेश अध्यक्ष तेजप्रसाद चौलागाईं, बुधकरण टि इस्टेटका मजदुर चुनु हेमरमलगायतले मे दिवसको शुभकामना मन्तब्य राखेका थिए । नेपाल ट्रेड युनियन कांग्रेस झापाका सचिव जीवन खड्काले संचालन गरेको कार्यक्रममा स्वागत उपाध्यक्ष कृष्णमाया रिजालले गरेकी थिइन् ।

स्रोतसाधन ...

यो उदाहरण दिएर मैले सबै विद्यालय गलत संस्कृतिका छन् भन्न चाहेको होइन। सहकार्य, सहसिकाइ, सामूहिकता जस्ता सकारात्मक संस्कृति भएका स्कुल पनि छन्। यस्ता स्कुलमा शिक्षक, विद्यार्थी, अभिभावक सबै सन्तुष्ट देखिन्छन्। सबैमा मेलमिलाप र सहयोगी भाव देखिन्छ, आपसी सम्बन्ध सुमधुर छ। विद्यालयप्रति अपनत्वको भाव देखिन्छ। यस्ता स्कुल भौतिक रूपमा सम्पन्न नभए पनि एउटा सुखी परिवार जस्ता देखिन्छन्। सकारात्मक संस्कृतिले उदाहरणीय बनेका छन्। हामी देख्न सक्छौं, पक्की भवन भएका कतिपय स्कुलका कक्षाकोठा खाली छन् तर बाँसको भाटाले बारेर माटोले लिपेका कतिपय विद्यालय भरिभराउ छन्। परिवार सुखी हुन भौतिक सुविधाभन्दा बढी मेलमिलाप, माया र सम्मान आवश्यक भएझैं विद्यालय राम्रो हुन पनि सहकार्य, सहसिकाइ, सामूहिकता र आपसी सद्भाव अपरिहार्य आधार हुन्।

'शेपिङ स्कुल कल्चर' किताबका लेखक केन्ट पिटर्सन र टेरेन्स डिल लेख्छन् – सकारात्मक विद्यालय संस्कृति सामूहिक लक्ष्य र दृष्टिकोण, अपनत्व र सम्मान, मानक र मूल्य, इतिहास र योगदान, कार्यक्रम र उत्सव, संरचना र संकेत, संघर्ष र गाथा तथा सहयोगी र साझा नेतृत्वका ईंटाको संरचनाले निर्मित हुन्छ। यी पक्षको सूक्ष्म र गहिरो विश्लेषणबाट स्कुलमा सुधार गर्नुपर्ने सांस्कृतिक अवयव यकिन गर्न सकिन्छ।

लेस्ली काप्लन र विलियम ओयिङ्स विद्यालय संस्कृतिसम्बन्धी आफ्नो पुस्तक 'कल्चर रिबूट' मा लेख्छन् – अब विद्यालय सुधारका लागि राम्ररी काम गर्न रोकिएको कम्प्युटरलाई रिबूट वा रिस्टार्ट गरेझैं स्कुललाई नयाँ ढंगले रिबूट गर्न जरूरी छ। सकारात्मक र समावेशी संस्कृतिको मूल लक्ष्य केन्द्रमा राखेर रिबूट हुनुपर्छ। यी लेखकहरूका अनुसार विद्यालय संस्कृति कुनै नीति, कार्यक्रम र बजेटले तुरून्तै बन्ने होइन। न कुनै तालिमले सिकाउन सक्छ। संस्कृति अलिखित हुन्छ तर विद्यालयको गतिविधिमा प्रतिविम्बित हुन्छ। कुनै घरभित्र पस्नासाथ त्यहाँको भौतिक व्यवस्थापन र मानवीय व्यवहारले घरको सांस्कृतिक झलक दिएझैं स्कुल प्रवेश गर्दा देखिने भित्तेलेखन, भित्तेचित्र, बगैंचा, सरसफाइ, शिक्षक र विद्यार्थीका बोली, व्यवहार र कार्यकलापले त्यसको संस्कृति प्रतिविम्बित गर्छ।

स्कुल राम्रो बनाउने संस्कृति निर्माणको उपर्युक्त सूत्र विद्यालय नेतृत्व, व्यस्थापन समिति, अभिभावक र शिक्षक समुदायले अवलम्बन गरौं। हाम्रो व्यवहार र विद्यालय रिबूट गर्न सुरू गरौं। असल संस्कृति निर्माण गर्न केही समय लाग्छ तर विद्यालय परिवारका सबै सदस्यले विद्यालय संस्कृतिको मर्म आत्मसात् गर्न सक्यौं भने सकारात्मक परिणाम अवश्य देखा पर्नेछ। आजै सुरू गरौं!

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काँकरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष आज जिम्मेवारी बढ्न सक्ने समय आएको छ ।

वृष भाग्यले साथ दिनेछ । सजिलै अरूको मन जित्न सकिनेछ ।

मिथुन कडा परिश्रम व्यर्थै खेर जान सक्छ । सामाजिक र परोपकारका मार्गमा अवरोध ।

कर्कट आजको दिन घरमै मनोरञ्जनपूर्ण रहला । सामाजिक तथा परोपकारजन्य कार्यमा लगाव

सिंह आज प्रविधि मार्फत दैनिकी सहज हुनेछ । पारिवारिक भेटघाट हुनेछ ।

कन्या घरपरिवारमा र रमाइलो वातावरण छाउनेछ ।

तुला घरायसी वातावरणमा केही असामान्यता देखिन सक्छ ।

वृश्चिक मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।

धनु वाणीमा कुशलता आउने दिन परेको छ । नयाँ काम र करियरको क्षेत्रमा मन जाने ।

मकर साथीको सुझावले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । स्वास्थ्य प्रति सजग रहन आवश्यक

कुम्भ भाग्य बलमा कमी भएको आभास गर्नु हुनेछ । सामाजिक काममा व्यस्त हुने समय

मिन बोलीवचन र भाषण आदिमा प्रशंसा मिल्नेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा